# किस्पाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

काहुले, नुवाकोट

प.सं. :- ०८३/०८४

च.नं. :-

बागमती प्रदेश, नेपाल

सामुदायिक विद्यालयको प्रधानाध्यापक छनोटका लागि दरखास्त आह्वान सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०८३/०६/१६)

प्रस्तुत विषयमा शिक्षा नियमावली २०५९ (दशौं संशोधन सहित) को नियम ९३ कार्यान्वयन गर्ने सम्वन्धमा किस्पाङ गाउँपालिका अन्तर्गतका उल्लेखित सामुदायिक विद्यालयहरुमा विद्यालय विकास प्रस्तावको आधारमा प्रधानाध्यापक छनोट गरी नियुक्ति गर्नु पर्ने भएकाले तपसिल बमोजिम तोकिएका सर्तहरु पुरा गरी दरखास्त दिई विद्यालय व्यवस्थापन समिति मार्फत यो सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्र दरखास्त पेश गर्नका लागि सम्वन्धित सबैमा यो सूचना जारी गरीएको छ।

तपसिल

आवश्यक पद संख्या

| | |
|---|---|
| आधारभूत तह (कक्षा ५ सम्म सञ्चालित) | ८ |
| आधारभूत तह (कक्षा ८ सम्म सञ्चालित) | १ |
| माध्यमिक तह | ६ |

माध्यमिक तहको प्रधानाध्यापकको लागि दरखास्त दिन आवश्यक योग्यताः-

१. सम्वन्धित विद्यालयको तहगत स्थायी शिक्षक
२. मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तिमा स्नातकोत्तर वा सो सरह उतीर्ण गरेको तर शिक्षा शास्त्र विषयमा स्नातक तह उतीर्ण गरी कम्तीमा ५ बर्ष स्थायी सेवा गरेको शिक्षक माध्यमिक तहको प्रधानाध्यापक पदमा उमेद्वार हुन पाउने छ ।
३. सम्वन्धित विद्यालयमा तहगत दरवन्दि नभएमा पालिका भित्रका अन्य विद्यालयमा कार्यरत तहगत योग्यता पुगेका स्थायी शिक्षक
४. सम्वन्धित पालिकामा तहगत दरवन्दि नभएमा जिल्ला भित्रका अन्य विद्यालयमा कार्यरत तहगत योग्यता पुगेका स्थायी शिक्षक

आधारभूत तह (कक्षा ८ सम्म सञ्चालित) को प्रधानाध्यापकको लागि दरखास्त दिन आवश्यक योग्यताः-

१. सम्वन्धित विद्यालयको तहगत (विषयगत) स्थायी शिक्षक
२. मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तिमा स्नातक वा सो सरह उतीर्ण गरेको तर शिक्षा शास्त्र विषयमा प्रमाणपत्र तह उतीर्ण गरी कम्तीमा ५ वर्ष स्थायी सेवा गरेको शिक्षक आधारभूत तहको प्रधानाध्यापक पदमा उमेद्वार हुन पाउने छ ।
३. सम्वन्धित विद्यालयमा तहगत दरवन्दि नभएमा पालिका भित्रका अन्य विद्यालयमा कार्यरत तहगत योग्यता पुगेका स्थायी शिक्षक



Scanned with CamScanner

# किस्पाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

प.सं. :-

बागमती प्रदेश, नेपाल


च.नं. :- आधारभूत तह (कक्षा ५ सम्म सचालित) को प्रधानाध्यापकको लागि दरखास्त दिन आवश्यक योग्यता:

१. सम्वन्धित विद्यालयको तहगत स्थायी शिक्षक

२. मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तिमा स्नातक वा सो सरह उतीर्ण गरेको तर शिक्षा शास्त्र विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा ५ बर्ष स्थायी सेवा गरेको शिक्षक आधारभूत तहको प्रधानाध्यापक पदमा उमेद्वार हुन पाउने छ ।

३. सम्वन्धित विद्यालयमा तहगत दरवन्दि नभएमा पालिका भित्रका अन्य विद्यालयमा कार्यरत तहगत योग्यता पुगेका स्थायी शिक्षक

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:-**

१. व्यक्तिगत निवेदन

२. न्यूनतम तथा माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्र स्वयंद्वारा प्रमाणित प्रतिलिपी

३. सम्वन्धित तहको स्थायी नियुक्ति पत्रको प्रतिलिपी

४. तालिम लिएको भए सोको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

५. अध्यापन गरेको विषयमा प्राप्त विद्यार्थी सिकाई उपलव्धिको विद्यालयवाट प्रमाणित कागजात

६. विद्यालय विकास प्रस्ताव (शिक्षा नियमावली २०५९ (दशौ संशोधन सहित) को अनुसूची १३ मा तोकेको विषयमा तयार गरीएको शिलवन्दि खाम )

७. नागरिकताको प्रतिलिपी

८. शिक्षण अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपी

९. शिक्षण अनुभवको प्रमाणित कागजात ।

१०. शैक्षिक तथा विद्यालय व्यवस्थापन तालिमको प्रमाणित प्रतिलिपी

**विद्यालय विकास प्रस्तावमा समावेश गर्नु पर्ने मुख्य क्षेत्रहरु**

१. वर्तमान शैक्षिक र आर्थिक अवस्था

२. विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धि

३. वर्तमान अवस्था र अपेक्षित उपलब्धिका सूचीगत अन्तर

४. अपेक्षित उपलब्धि हासिल गर्ने श्रोत पहिचान सहितको कार्ययोजना

५. कार्ययोजना मूल्याङ्कनका सूचकहरु

*नोटः परीक्षा मिति पछि प्रकाशन गरिनेछ । विद्यालयले दरखास्त दिने अन्तिम मिति वाट २ दिन भित्र प्राप्त दरखास्त शिक्षा युवा तथा खेलकूद शाखामा ल्याईसक्नु पर्नेछ ।*

*प्रधानाध्यापक छनोटको सम्पूर्ण प्रक्रिया शिक्षा नियमावली २०५९, (दशौं संशोधन सहित) को नियम ९३ मा भएको व्यवस्था बमोजिम हुनेछ ।*

*यसै सूचनालाई आधार मानि नमुना विद्यालयले नमुना विद्यालय विकास एवं सचालन निर्देशिका, २०७५ बमोजिम विद्यालय विकास प्रस्तावका आधारमा पूर्णकालीन प्रधानाध्यापक नियुक्ति प्रक्रिया अगाडि बढाउने।*

केदार प्रसाद खतिवडा

प्रमुख प्रशासकीय अधिकृत




Scanned with CamScanner